# तिरहुत गाउँपालिका

## आर्थिक वर्ष : २०८३/०८४ को

## नीति तथा कार्यक्रम र बार्षिक बजेट

तिरहुत गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

गोईठी, सप्तरी

०९ आषाढ, २०८३

शम्भवे गुरुवे नम :

बाबा बनखण्डी महादेवको पावन भुमी तिरहुत गाउँपालिकाको

यस गाउँपालिकाको गाउँ सभाको १२औं अधिवेशन, नीति तथा कार्यक्रम र बार्षिक बजेटस मारोहका सभा अध्यक्ष एवं यस गाँउपालिकाको अध्यक्ष श्री विजय कुमार यादब ज्यू,प्रमुख प्रशासकीय अधिकृत ज्यू, गाउँ सभा सदस्य ज्यूहरु,गाँउ कार्यपालिकाका सम्पूर्ण सदस्य ज्यूहरु, विषयगत शाखाका प्रमुख तथा प्रतिनिधिज्यूहरु लगायत गाँउपालिकाका सम्पुर्ण कर्मचारीहरुमा हार्दिक नमस्कार ।

**सभाध्यक्ष महोदय,**

१. नेपालको संविधानमा भएको व्यवस्था अनुसार स्थानीय तहको निर्वाचनबाट सार्वभौमसत्ता सम्पन्न नेपाली जनताले निर्वाचित गरेका तिरहुत गाँउपालिका सरकारको यस गरिमामय ऐतिहासिक सभा समक्ष आर्थिक वर्ष २०८३/०८४ का लागि बजेट, नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा अत्यन्तै गौरवको अनुभुति गरेको छु । नेपालीहरुको चाहना र आवश्यक्तालाई आत्मासात् गर्दै नेपालमा न्याय, समानता, स्वाधीनता, स्वतन्त्रता र समृद्धि प्राप्तिका लागि विभिन्न समयमा सम्पन्न भएका जनप्रिय आन्दोलनहरुमा योगदान गर्नुहुने सम्पुर्ण ज्ञात, अज्ञात शहिदहरु प्रति हार्दिक श्रद्धा सुमन अर्पण गर्दै आन्दोलमा घाईते भएका नागरिकहरु प्रति उच्च सम्मान प्रकट गर्दछु ।

२. संवैधानिक रुपमै स्थानीय तहको सरकारको रुपमा प्रस्तुत हुदै गर्दा हामी नेपालको इतिहासमा नँया युगमा प्रवेश गरेका छौं । संविधान मार्फत स्थानीय तह राजनैतिक अधिकार सहित संस्थागत गर्न सफल भएका छौं ।सबै प्रकारको विभेद र असमानताको अन्त्य गर्दै न्यायपूर्ण सामाजिक समावेशीकरणको मुल्य र मान्यतालाई स्थापित गर्दै सबैलाई समान अधिकार, समान अवसर र समान मर्यादा प्रदान गरेको कुरा यस सभाको सहभागिताले समेत प्रमाणित गरेको छ । स्थानीय तहको सरकारको रुपमासंविधानको परिकल्पना अनुरुप सामाजिक न्याय र समाजवादको लक्ष्यमा पुग्न यस गाँउपालिकालाई जीवन्त आर्थिक समृद्दिको केन्द्रको रुपमा स्थापित गर्नु पर्ने लक्ष्य लिएको छ ।

३. संविधानले दिएको अधिकार क्षेत्र भित्र तिरहुत गाँउपालिकालाई स्थानीय तहको सरकारको रुपमा क्रियाशिल बनाउदै आर्थिक, सामाजिक र पूर्वाधार विकास, सार्वजनिक सेवा प्रवाह, भ्रष्टाचार मुक्त रसुशासन व्यवस्थापनका लागि उच्च प्राथमिकता दिदै संविधानको भावना र मर्म अनुरुप स्थानीय तह संचालनका लागि आवश्यक कानुनहरु निर्माण गर्न र गाँउपालिकाको आर्थिक समृद्धिलाई केन्द्रमा राखी विकास र गाँउपालिकामा सुशासनका कार्यक्रमहरु गरी तिरहुत गाँउवासीलाई सेवा र सुविधा सम्पन्न बनाउनु नै हामी सवैको साझा मान्यता र प्रतिबद्धता हो ।

४. आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम र वार्षिक बजेट तर्जुमा गर्दा नेपालको संविधानको भावना र मर्म, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट उपलब्ध गराइएको नमूना कानुन, स्थानीय तहको बार्षिक योजना तथा वजेट तर्जुमा दिग्दर्शनर नेपाल सरकार, अर्थ मन्त्रालयबाट जारी गरिएको स्थानीय तहमा बजेट तर्जुमा र कार्यविधि एवं अन्य सम्वद्ध निकायबाट प्राप्त सुझावलाई मूल आधार मानिएको छ ।

५. मैले बजेटमा कार्यक्रमहरु प्रस्ताव गर्दा नेपालको संविधानमा उल्लेख भएका मौलिक हक, राज्यका निर्देशकसिद्धान्त यस सभामा पेश हुने विनियोजन ऐन, आर्थिक ऐनका सिद्धान्तहरु अनुरुपवार्षिक बजेट तथा कार्यक्रमलाई मार्गदर्शनका रुपमा लिएको छु । नीति तथा कार्यक्रम तय गर्दा महिला, बालबालिका, आदिवासी, जनजाती तथा पिछडिएको वर्ग, दलित, अल्पसंख्यक लगायतका लक्षित वर्गका कार्यक्रमहरु संचालन गर्न विनियोजित बजेट सहितको कार्यक्रमलाई उच्च प्राथमिकतामा राखेको छु ।

**सोच :**

यो गाँउपालिकाको दीर्घकालीन सोच“तिरहुत गाँउपालिका स्वच्छ, सुन्दर र समुन्नत गाँउपालिका हुनेछ” ।

**लक्ष्य :**

तिरहुत गाँउपालिकालाई शैक्षिक गन्तव्यको रुपमा विकास गर्दै कृषिमा आधुनिकीकरण र व्यवसायिकरण पर्यटन विकास एवम् साना घरेलु उद्योगलाई सबलीकरण गर्दै सुरक्षित र गतिशिल आर्थिक विकास केन्द्रको रुपमा विकास गरिनेछ ।

**उद्देश्य :**

तिरहुत गाँउपालिकाको मुल उद्देश्य गाँउपालिकाको आधारभुत आवश्यकता पुरा गर्दै सामजिक, आर्थिक र शैक्षिक क्षेत्रमा सवल र सशक्त बनाई गाँउ गाँउमा पूर्वाधार विकास गर्दै यो स्वच्छ, सुन्दर, समुन्नत र समृद्धि बनाईनेछ ।

अध्यक्ष महोदय,

अबयी नै सोच, लक्ष्य र उद्देश्य अनुरुप तिरहुतगाँउपालिका क्षेत्रलाई, स्वच्छ, सुन्दर, समुन्नत र समृद्ध बनाउन देहाय बमोजिमका नीति तथा कार्यक्रमहरु पेश गरेको छु ।

## १. आर्थिक विकास

१.१ आर्थिक विकासलाई योजनाबद्ध रुपमा कार्यान्वयनमा ल्याइनेछ । यस अन्तरगत स्थानीय प्रतिस्पर्धी बस्तु वा सेवाको सहभागितामूलक पहिचान गरी ती बस्तु वा सेवाहरुको समग्र मुल्य श्रृङ्खला (उत्पादन देखि बजारीकरण सम्म) मा गाउँपालिकाको निजीक्षेत्र, र सहकारी (समुदाय) समेतको सहकार्यमा स्थानीय आर्थिक विकासको योजना अन्तरगतका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१.२ आर्थिक विकासका सम्भावनाहरुको पहिचान र व्यवसायिक परिचालनका लागि गाउँपालिकाले विशेष पहल गर्नेछ । यसका लागि स्थानीय तहमा व्यवसायिक वातावारणको विकास गर्न गाउँपालिकाले नीजीक्षेत्र, सार्वजनिक क्षेत्र र सहकारी (समुदाय समेत) को सहभागीता रहने गरी एक **आर्थिक विकास सम्वाद मञ्च** गठन गरिनेछ ।

१.३ तिरहुत गाउँपालिका, वडा नं.-५ अन्तरगत उद्योग ग्रामनव परिवर्तन र उद्यमशील प्रबर्द्धन गर्न स्टार्टअप इकोसिष्टको विकास गर्न उद्यमशील सञ्चालन गर्न संघीय सरकारसँग पहल गरिने छ । यस अन्तरगत आर्थिक विकास, पूर्वाधार निर्माण, आर्थिक सशक्तिकरण तथा वित्तिय साक्षरता सहितको सीप विकास, उद्यमशीलता विकास तथानव उद्यमशीलता प्रवर्द्धन र विशिष्टकृत वस्तुको उत्पादन तथा बजारीकरण समेटिनेको साथै यस पालिका अन्तरगत संचालित लघु उद्यम विकास कार्यक्रमलाई पालिकाबाट थप बजेट विनियोजन गर्नेछ ।

१.४ कृषि क्षेत्रमा व्यवसायिकरण गरी उत्पादन तथा उत्पादकत्व वृद्धिबाट कृषकहरुको आयआर्जनमा वृद्धि गरिनेछ ।

१.५ परम्परागत खेती प्रणालीलाई आधुनिक खेती प्रणालीमा रुपान्तरण गरिनेछ ।

१.६ कृषिमा बाली तथा पशु बीमा गरी कृषकहरुको जोखिमलाई न्युनिकरण गरिनेछ ।

१.७ कृषि उपज संकलन केन्द्र र हाट बजार व्यवस्थापन जस्ता कृषि संग सम्बन्धीत पुर्वाधारहरु निर्माण, मर्मत सम्भार सम्बन्धी कार्यक्रमलाई प्राथमिकता दिइनेछ । साथै सामुहिक तरकारी खेती प्रवद्धनमा जोड दिइनेछ ।

१.८ कृषकहरुलाई आवश्यक पर्ने बीऊँ, बिजन तथा जैविक मल एवं कृषि सामाग्रीहरु समयमै उपलब्ध गराउन पहल गरिनेछ ।

१.९ गाँउपालिकाको ग्रामिण क्षेत्रको ठूलो भागमा सिंचाईको उपयुक्त व्यवस्था नभएकोले सम्बन्धित निकायहरुसँगको सहकार्यमा त्यसतर्फ विशेष ध्यान दिइनुका साथै कृषि विद्युतीकरण गरिनेछ ।

१.१० खुल्ला र वन क्षेत्रको उपलब्धबाट प्राप्त सम्भावना र अवसरलाई ध्यानमा राख्दै पशु पालनको माध्यमबाट जनताको आर्थिक स्थितिमा सुधार ल्याउन पशु पालनलाई प्रोत्साहित गरिनेछ । साथै सम्बन्धित निकायको सहयोगमा उपयुक्त सीप र प्रविधीको विकास र बिस्तार गरी पशु जन्य उत्पादनको क्षेत्रमा यस गाँउपालिकालाई अग्रस्थानमा ल्याउन प्रयास गरिनेछ ।

१.११ तिरहुत गाँउपालिकामा सुन्दरता एवम् पयर्टन विकासका लागि विभिन्न ठाँउमा पार्क निर्माण गरिनेछ ।

१.१२ किसानको कृषिको विद्युत महशुल पालिकाले भुक्तानी गर्नेछ ।

१.१३ प्रत्येक वडा अन्तरगत कृषि विद्युतीकरण गरिनेछ ।

## २. उद्योग तथा पर्यटन विकास

१. औद्योगिक तथा व्यावसायिक विकासका लागि गाउँपालिकाका उद्योग वाणिज्य संघ सँग साझेदारीको नीति लिइनेछ । औद्योगिक प्रदर्शनी स्थलको सम्भाव्यता अध्ययन गरी निर्माण कार्य अगाडी बढाइनेछ ।

२. औद्योगिकग्राम पुर्वाधार निर्माण कार्य सार्वजनिक नीजि साझेदारी अवधारणामा संचालन गरिनेछ । गाउँपालिकाका जनताको मागलाई मध्यनजर गर्दै सबै प्रकारका सुरक्षा सुनिश्चितताका साथै स्थानीय सरकार र उद्योग वाणिज्य संघसँगको सहकार्यमा सघन बजारक्षेत्रमा रात्रीकालिन बजारको सुरुवात र अन्य चोकमा पनि बजार बिस्तार गरिनेछ ।

३. उद्योग व्यवसाय दर्ता, नविकरण, स्थानान्तरण तथा नामसारी जस्ता प्रशासनिक प्रकृयालाई सूचना प्रविधिको प्रयोग गरी सरलीकरण र प्रभावकारी बनाईनेछ ।

४. लगानीमैत्री नीति तथा औद्योगिक पुर्वाधार सुदृढीकरण गर्दै उद्योग तथा पर्यटनको विकासको नीति लिइनेछ ।

५. सम्पुर्ण साना तथा घरेलु उद्योगहरुको उत्पादन स्थलसम्म पुग्न सडक पूर्वाधार तथा विद्युतिकरणको पहुँच पुर्‍याईनेछ ।

६. पर्यटन मार्फत आर्थिक समृद्धि हासिल गर्न गाउँपालिकाको पर्यटन गुरुयोजना तर्जुमा गरी सोही आधारमा बाबा बनखण्डी महादेवको माँ गुप्त गंगा र ठाकुर बाबा दहको समेत पर्यटन पूर्वाधार बिस्तार डि.पि.आर. अनुसार र पर्यटन विकासका कार्यक्रमहरु संचालन गरिनेछ ।

७. गाउँपालिकाका क्षेत्र भित्रका पर्यटकीय स्थलहरु जोड्न पर्यटकीय सडक संजाल कार्यान्वयनलाई प्रारम्भ गरिनेछ ।

८. विभिन्न जातजातिको परम्परागत पर्व, संस्कार र संस्कृतिहरुको प्रवर्द्धन गरिनेछ ।

९. विभिन्न जातिहरुको ऐतिहासिक, सांस्कृतिक, धार्मिक पहिचान अवगत गराउन पर्यटकहरुलाई होमस्टेसहित स्थानीय अर्गानिक तरकारी तथा अन्य खाद्य उत्पादनपाहुनाको रुपमा राख्न घर छनौट गरिनेछ ।

१०. मूख्य स्थान चौक र गाउँपालिका प्रवेशद्धारहरुमा पर्यटकीय क्षेत्रको सहित पर्यटक आकर्षण गर्न डिजिटल डिस्प्ले/बिलबोर्ड राखिनेछ ।

११. गाउँपालिका भित्रका पर्यटकीय स्थलहरुको प्रचार प्रसारका लागि डकुमेन्ट्री प्रसारण र ब्रोशर हरुको वितरण गरिनेछ ।

१२. अन्तर गाउँपालिका/नगरपालिका सम्बन्ध प्रवर्द्धन गर्दै अन्य स्थानीय तहहरुका असल अभ्यासलाई अनुसरण गरी पर्यटन प्रवर्द्धन गर्न थप राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गाउँपालिका/नगरपालिकाहरुसँग भगिनी सम्बन्ध विस्तार गरिनेछ ।

## ३. कृषि तथा पशुपंक्षी

१. उच्च मूल्यका फलफुल, तरकारी तथा अन्नबालीहरुको पकेट क्षेत्रहरु पहिचान गरी सघन कृषि क्षेत्र निर्धारण गरी ती स्थानहरुमा व्यवसायिक कृषि कार्यक्रम संचालन गरिनेछ ।

**२.** **रैथाने बालीहरुको बिउँ संरक्षण, खेती विस्तार र बजारीकरणको** लागि विशेष प्रबन्ध मिलाइनेछ । गाउँपालिका भ्रमण गर्ने पर्यटकहरुलाई स्थानीय परिकारको ब्राण्डको रुपमा त्यस्तो खाना उपलब्ध गराइनेछ ।

३. कृषि उपजको आयात प्रतिस्थापनको नीति लिई कृषि तथा पशुपालनलाई आधुनिक प्रविधिमा आधारित तुल्याउदै व्यवसायीकरण गरिनेछ ।

४. नेपाल सरकारको मापदण्ड बमोजिम यस गा.पा. भित्रको जग्गाको वर्गिकरण गरिनेछ । गाउँपालिका भित्रका कृषकहरुको खण्डिकृत/वर्गिकृत एवं बिस्तृत तथ्याङ्क आधार निर्माण गरिनेछ ।

५. उत्पादन लगात, थोक तथा खुद्रा मुल्य विशलेषण गर्दै विचौलियाबाट उत्पादकमाथि हुने ठगी तथा शोषण नियन्त्रणका लागि मुख्य कृषि उपजको गाउँपालिका भित्र समर्थनमुल्य निर्धारण गरिनेछ । बजारमा हुने मागको जोखिमलाई न्यूनिकरण गर्न व्यवसायिक कृषकका लागि तोकिएको मुल्यमा गाउँपालिकाले बिक्री हुन नसकेको उत्पादन किन्ने ग्यारेन्टी (buy back guarantee)गरिनेछ ।

६. व्यवसायिक कृषि पकेट क्षेत्रमा सिचाई, कृषि सडक, विद्युतिकरण, कृषि बजार, सित भण्डार तथा गोदाम घरहरुको पुर्वाधार निर्माण गरिनेछ ।

७. मासु पसल तथा बधशालाहरुको पुर्वाधार स्तरोन्नती गरी स्वास्थ्य मापदण्डमा आधारित तुल्याइनेछ ।

८. कृषि उत्पादनको मुल्य श्रृंखलाको विकासलाई थप प्रभावकारी बनाउने क्रममा कृषि उपजको बजारीकरणका लागि **कृषि बजार प्रणाली सफ्टवेयर** निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ ।

९. तरकारी उत्पादनको लागि व्यसायिक, करेसाबारी, बगरखेती, करार खेती र कौशी खेतीको लागि तालिम, प्रविधि र लगानीको व्यवस्था सहितको नमूना कार्यक्रम संचालन गरी प्रोत्साहन गरिनेछ ।

## ४. सहकारी

१. सहकारी संस्थाहरुको संस्थागत सुशासन प्रवर्द्धन गर्दै निक्षेपकर्ताहरुको हित संरक्षण लागि अनुगमनलाई प्रभावकारी तुल्याईनेछ ।

२. उत्पादनमूलक सहकारीहरुको स्थापना गरिएमा बिऊँ पूँजी लगानीको रुपमा सहयोग उपलब्ध गराइने र बार्षिक उत्पादनका अनुदान दिने नीति लिइने छ ।

३. गाउँपालिका भित्र स्थापना हुने कृषि समुह, नीजि फर्म र सहकारीहरुको दर्ता तथा कार्य क्षेत्र अनुमति जस्ता विषयहरुलाई व्यवस्थित ढंगले अघि बढाइनेछ ।

४. सहकारीहरुको माध्यमबाट उत्पादनशिल क्रियाकलापमा संलग्न नागरिकहरुको पूँजि संकलन तथा परिचालन गरी साना तथा स्वरोजगारीका अवसर श्रृजना गरी गरिबी न्यूनिकरण गर्ने योजनालाई निरन्तरता दिइनेछ ।

५. कृषि लगायत विषयगत सहकारीलाई सो क्षेत्रमा केन्द्रित भई लगानी गर्ने नीतिलाई कठोर रुपमा कार्यान्वयन गरिनेछ ।

## ५. सूचना तथा संचार

१. पत्रकार महासंघको सहकार्यमा स्थानीय सञ्चार गृहहरुको सुदृढिकरण गर्दै संचार संस्था र गाउँपालिकाको सहकार्यमा जनहितकारी सूचनाहरु सम्प्रेषण गर्नेसूचनाहरुमा सञ्चार संस्थाहरुको पहुँच बढाई खुल्ला सरकारको नीति लिइनेछ ।

२. स्थानीय टिभी च्यानेल वा नेपाल टेलिभिजनसँगको सहकार्यमा सञ्चालित हाम्रो गाउँपालिका टेलिभिजन प्रसारण कार्यक्रम सञ्चालन गरिनेछ ।

३. गाउँपालिका क्षेत्र भित्रबाट प्रकाशित हुने स्थानीय तथा राष्ट्रिय पत्रपत्रिका, अनलाइन पत्रिकाहरुको व्यवसाय प्रवर्द्धन कार्यक्रमहरु संचालन गरिनेछ ।

४. विज्ञापन तथा सूचनामा स्थानीय संचार संस्थाहरुलाई प्राथमिकता दिइनेछ ।

५. नागरिकहरुको सूचनाको हकको सम्मान गर्दै गाउँपालिकालाई सूचनामैत्री बनाइनेछ ।

## ६. न्याय, कानून तथा मानव अधिकार प्रवर्द्धन

१. न्यायिक समितिको अधिकार क्षेत्रभित्रका विवादहरुको शीघ्र निरुपण गरी प्रभावकारी न्याय सम्पादन गर्न आवश्यक नीति तथा कानूनहरुको प्रबन्ध मिलाइनेछ ।

२. न्यायिक समितिका पदाधिकारी तथा कर्मचारीहरुको विषयगत ज्ञान र क्षमता विकासका कार्यक्रमहरु कार्यान्वयन गरिनेछ ।

३. सभाबाट हालसम्म निर्माण भएका ऐन नियम तथा कानूनहरुलाई संग्रहित गरी स्थानीय कानून संग्रह प्रकाशन गरिनेछ ।

४. मानव अधिकारको सम्मान, संरक्षण, सम्बर्द्धन र प्रवर्द्धनका लागि आवश्यक नीति तथा कानून तर्जुमा गरी प्रवर्द्धनात्मक कार्यक्रमहरु संचालन गरिनेछ ।

५. न्याय सम्पादनको कार्यलाई थप व्यवस्थित गर्न यस सम्बन्धी सम्पूर्ण प्रक्रियालाई **डिजिटल जस्टिस सिस्टम** तयार गरी लागु गरिनेछ ।

## ७. सुशासन, सार्वजनिक सेवा तथा क्षमता विकास

१. गाउँपालिका भित्र रहेका स्रोत साधन, सेवा केन्द्र लगायत सम्पुर्ण नागरिकहरुको पेशा व्यवसाय, सामाजिक आर्थिक अवस्था,रोजगारीको अवस्था सहितका विवरणहरु समावेश गरी विद्युतीय स्थानीय तह पार्श्व चित्र (Digital LG profile)तयार गरिनेछ ।

२. गाउँपालिक भित्रका नागरिकहरुको गुनासो तथा सेवा सम्बन्धी जिज्ञासा सुन्ने र सोको सम्बोधन अनलाइन प्रणाली कै माध्यमबाट गर्ने व्यवस्था लागु गरिनेछ ।

३. आर्थिक तथा प्रशासनिक अनुशासन कायम गर्न सम्बन्धमा बाँकी बक्यौता, पेश्की, बेरुजुको लगत विवरण अद्यावधिक गरी कडाईका साथ असुल उपर एवम फछ्यौट गर्ने कार्य अगाडी बढाइनेछ ।

४. प्रत्येक महिनाको आय/व्ययको मास्केबारी गाउँपालिका, वडा कार्यालयको सूचनापाटि तथा कार्यालयको वेवासाइटमा प्रकाशित गरिनेछ ।

५. गाउँपालिका कार्यालयको मानव संशाधन पर्याप्त नभएका क्षेत्रमा सम्बन्धीत विषयका विज्ञहरुलाई सहजकर्ता वा विशेषज्ञको रुपमा प्रयोग गर्ने नीति अवलम्बन गरिनेछ ।

६. जनप्रतिनिधिहरु तथा कर्मचारीहरुको सीप तथा क्षमता अभिबृद्धिको लागि आवश्यक तालिम, गोष्ठी तथा अध्ययन अवलोकन भ्रमण कार्यक्रमलाई परिणाममुखी बनाइनेछ ।

७. गाउँपालिकबाट प्रवाह हुने सम्पुर्ण सेवा र विकास निर्माणमा हुनसक्ने भ्रष्टाचार, अपारदर्शिता तथा ढिलासुस्तीमा शुन्य सहनशीलताको नीति अख्तियार गरिनेछ । सो कार्यलाई प्रभावकारी बनाउन प्रत्येक वडा कार्यालयहरु र सार्वजनिक स्थानहरुमा गाउँपालिकाको तर्फबाट सुझाव पेटिकाहरु राखिने छ ।

८. गाउँपालिकाबाट प्रवाह हुने योजना, लेखा, नक्सा, राजश्व लगायत सबै सेवाहरुमा सफ्टवेयर निर्माण गरी कागज बिहीन प्रणाली बनाउन विद्युतीय प्रणालीलाई जोड दिइने छ ।

९. गाउँपालिकाको काम कारबाहीलाई व्यवस्थित, पारदर्शी हुने कार्यमा जोड दिनेछ । र गाउँपालिका प्रोफाइल आदिको जानकारी प्रदान गर्ने साथै फ्रि-वाईफाइ जोन बनाउने नीतिलाई जोड दिइनेछ ।

१०. प्रशासन संयन्त्रको उत्प्रेरणाको प्रवर्धनका लागि संघ र प्रदेश सरकारले उपलब्ध गराउने सेवा र सुविधाको परिपुरकका रुपमा खाजा भत्ता, पर्यटन भ्रमण काज जस्ता अन्य सुविधा प्रदान गर्ने नीति लिइनेछ ।

११. गाउँपालिकाको सुरक्षालाई चुस्तदुरुस्त एवम प्रभावकारी बनाउन वडाका विभिन्न ठाउँमा पर्यटकीय स्थल तथा सुरक्षा संवेदनशील क्षेत्रहरुमा सी.सी.टि.भि. क्यामेरा जडान गरिनेछ ।

१२. गाउँपालिकामा वारुण यन्त्र नरहेको कारणले धनजन्यको क्षति भै रहेको हुदाँ बारुण यन्त्र खरिद गर्न आवश्यक व्यवस्था मिलाईने छ ।

१३. गाउँपालिका भित्रका सार्वजनिक तथा सरकारी जग्गाहरुको मिहिन ढंगले खोज तथा अध्ययन गरी अभिलेख राखी त्यस्ता जग्गाहरुको संरक्षण गरिनेछ ।

१४. गाउँपालिका भित्र रहेका असंगठित क्षेत्रका मजदुरहरुको तथ्याङ्क संकलन तथा अभिलेख व्यवस्थापना गरी निजहरुको रोजगार तथा सेवाको सुरक्षा र निजहरुको हित प्रवर्द्धन कार्यक्रम संचालन गरिनेछ ।

१५. विपन्न र न्यून आय भएका घर परिवार पहिचान गरी परिचय-पत्र उपलब्ध गराई लक्षित कार्यक्रमहरु संचालन गरिनेछ ।

१६. सार्वजनिक खर्चलाई बैज्ञानिक अनुमान योग्य र नतिजामूखि तुल्याउन मध्यकालिन खर्च संरचना (MTEF)पद्धति प्रयोगमा ल्याइनेछ ।

१७. संघीय सरकार, प्रदेश सरकार र अन्य स्थानीय तहहरुसँग आपसी सहकार्य र समन्वयको लागि अन्तर समन्वय तथा सहकार्य नीति तर्जुमा गरिनेछ ।

## ८. खानेपानी तथा सरसफाई

१. खानेपानीको जटिलतम समस्याको तत्कालिन, अल्पकालिन र दिर्घकालिन समाधानका लागि सम्भाव्य स्रोतहरुको खोजी तथा योजना तयार गरी खानेपानीको उत्पादन तथा वितरणको व्यवस्था मिलाइनेछ ।

२. विभिन्न खोला, नदी तथा अन्य स्रोतबाट खानेपानीलाई आपूर्ति गर्ने व्यवस्थाको लागि प्राविधिक सम्भाव्यता अध्ययन गरी संघ सरकार र प्रदेश सरकारको सहकार्यमा निर्माण कार्य अघि बढाइनेछ।

३. जल पुनर्भरण योजना र वर्षातको पानी संकलन गर्ने प्रविधिलाई उपयोगमा ल्याउने प्रारम्भ गरिनेछ ।

४. सडक किनारा र सार्वजनिक स्थानहरुलाई हरियाली र सुन्दर तथा सफा राख्ने कार्य गरिनेछ ।

५. टोल विकास संस्था र सामाजिक संघ/संस्थाहरुसँग फोहोर संकलन तथा व्यवस्थापन कार्यमा सहकार्यको नीति लिइनेछ ।

६. प्लाष्टिक जन्य, फोहोर नियन्त्रण तथा न्यूनिकरण गर्न प्लाष्टिक झोलाहरुको प्रयोगलाई निरुत्साहित गरिने छ ।

७. गाउँपालिकाका मुख्य स्थानहरुमा समुदायको सहकार्यमा उपयुक्त जग्गाको खोजी गरी सार्वजनिक शौचालयहरु निर्माण तथा संचालनलाई अभियानका रुपमा अगाडी बढाइनेछ ।

८. खानेपानी तथा सरसफाईको सेवालाई प्रभावकारी बनाउन प्रारम्भिक स्मार्ट वाटर सिस्टम लागु गरिनेछ ।

## ९. वन, वातावारण, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन

१. जलवायु परिवर्तनको प्रतिकुल प्रभावहरुलाई अनुकुलन गर्न गाउँपालिकाको क्षमता बढाउने साथै खाद्य उत्पादनलाई प्रतिकुल असर नपर्ने किसिमले जलवायु उत्थानशीलता वृद्धि गर्ने । न्यून हरित ग्यास उत्सर्जनलाई विकास गर्न प्रेरित गर्ने र सो सम्बन्धी अनुभव आदान प्रदान गरी गाउँपालिकाको क्षमता अभिवृद्धि गरिनेछ ।

२. पूर्वाधार आयोजनाहरुको कार्यान्वयन गर्दा त्यस्ता आयोजनाहरुले वातावरणमा पार्ने असर न्यूनिकरणको लागि प्रारम्भिक वातावरणिय परीक्षण (IEE) र वातावरणीय प्रभाव मूल्याङ्कन(EIA) अध्ययन गरिनेछ ।

३. खाली जग्गामा बृक्षारोपण, हरियाली प्रवर्द्धन तथा बनको संरक्षरण र हैसियतमा सुधार गरी जल, जमीन तथा वातावरणको संरक्षण र जीवीकोपार्जनको अवसरमा वृद्धि गरिनेछ ।

४. पोखरी, पहिरो तथा गल्छि नियन्त्रण, विकासका पुर्वाधारको संरक्षण र नदी नियन्त्रण गरी जल जमिन तथा उत्पादनमा वृद्धि गरिनेछ ।

५. भूसूचना प्रणालीको प्रयोग उच्च जोखिमयुक्त क्षेत्रको नक्शाङ्कन जोखिमको विश्लेषण तथा जोखिम न्यूनिकरण योजना तयार गरिनेछ ।

६. विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशील योजना तर्जूमा गरी सो अनुसार विपद् पूर्व तयारी, विपद न्यूनीकरण, प्रतिकार्य र पूर्नस्थापनाको कार्यलाई व्यवस्थित र प्रभावकारी बनाइनेछ ।

७. सार्वजनिक नीजी साझेदारीमा निर्माण पुर्वाधार गरी फोहोरमैला प्रशोधन केन्द्रलाई व्यवसायिक रुपमा संचालन गर्न नीतिगत तथा कानूनी व्यवस्था गरी फोहोर मैला संकलन, व्यवस्थापन र उपयोगको नीति लिइनेछ ।

८. भुकम्पीय जोखिम न्यूनिकरणको लागि भुकम्प प्रतिरोधि भवन तथा संरचना निर्माण कार्यलाई प्राथमिकता दिइनेछ ।

९. विपद् जोखीम व्यवस्थापन कोषमा रकम अभिवृद्धि गर्दै प्रभावकारी श्रोत परिचालन गरिनेछ ।

१०. गाउँपालिकाको विपद् जोखिम नक्साङ्कन गरी सोही आधारमा विशिष्ट प्रकृतिका विपद् जोखिम प्रतिकार्य तथा पुर्नउत्थान कार्यक्रमहरु संचालन गरिनेछ ।

११. सम्बेदनशील जलाधार क्षेत्रका जमिनहरुको अतिक्रमण नियन्त्रण गरिनेछ ।

१२. प्रत्येक वर्ष कम्तीमा १ कि.मी. सडकको दुवै तिर वृक्षारोपण गर्ने कार्य चालु आ.व.बाटै प्रारम्भ गरी हरियाली प्रबर्द्धन गरिनेछ ।

१३. यस गाँउपालिकामा विपदे व्यवस्थापनका लागि एउटा बलियो आकस्मिक कोषको स्थापना गरी प्रत्येक वर्ष वृद्धि गरिदै लगिनेछ ।कोषको सञ्चालन र व्यवस्थापनका लागि कार्यविधी एवं निर्देशिका बनाई लागु गरिने छ ।

१४. भविष्यमा विपद् न्यूनीकरणका लागि पूर्व सूचना प्रणाली सम्बन्धी कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

**१०. राजस्व तथा आन्तरिक श्रोत परिचालन**

१. आन्तरिक आय व्यवस्थापन, प्राकृतिक स्रोत बिक्री सम्बन्धी ऐन तथा नियमवाली तर्जूमा गरी राजस्व परिचालनलाई थप व्यवस्थित तुल्याइनेछ ।

२. आन्तरिक आयका स्रोतहरुको सम्भाव्यता अध्ययन, राजस्व, बाँडफाँड, अन्तर सरकारी वितीय हस्तानतरण तथा गैससको स्रोत परिचालनको लागि स्थानीय सरोकारवाला, प्रदेश सरकार, र नेपाल सरकारका निकाय तथा गैसंसको स्रोत साझेदार संग परामर्श, समन्वय, र साझेदारी गरिनेछ ।

३. करको दर सम्भव भएसम्म न्यूनतम गर्दै करको दायरा बिस्तार गर्ने नीति लिइनेछ । प्रगतिशिल कर प्रणाली अवलम्बन गरी नागरिकहरु विच रहेको असमानता न्यूनिकरण गर्दै लगिनेछ ।

४. गाउँपालिकाको आन्तरिक राजस्व अभिवृद्धिका लागि करका नयाँ सम्भाव्य श्रेत्रहरु पहिचान गरिनेछ ।

५. हटिया/बजार क्षेत्र भएका वडा कार्यालयहरुसँग समन्वय गरी घर वहाल करमा रहेको चुहावट नियन्त्रण गर्न घरधनी र वहालमा रहनेहरुको अभिलेख अध्यावधिक राख्ने प्रणाली विकास गरिनेछ ।

६. ढुंगा, गिट्टि बालुवा जस्ता नदी जन्य पदार्थको ठेक्का व्यवस्थापनमा संघीय वन सम्बन्धी कानूनका कारण उत्पन्न जटिलतालाई दृष्टिगत गरी बैकल्पिक पद्धतिको रुपमा गाउँपालिकाबाटै उत्खनन गरी विक्री गर्ने विधि अवलम्वन गरिनेछ ।

७. करदाताहरुलाई आफुले तिर्नु पर्ने मोटोमोटी कर दायित्व र कर तिर्ने समयसीमा समयमै जानकारी दिन निजहरुको सेल नम्बरमा विद्युतिय प्रणालीद्धारा सन्देश प्रावहित गर्ने निति लिइनेछ ।

८. करदाताहरुको अभिलेख व्यवस्थापन सुदृढ गर्दै उत्कृष्ट करदाताहरुलाई पुरस्कृत तथा सम्मानीत गर्ने नीति लिइनेछ ।

९. कर प्रशासनलाई सूचना प्रविधिमैत्री एवं करदातामैत्री तूल्याउदै लगिनेछ ।

१०. अव्यवस्थित बसोबासीहरुलाई लगाउदै आएको घरधुरी करलाई निरन्तरता दिइनेछ । घरको संरचना र प्रकृति अनुसार दरहरुको प्रगतिशिल पुनरावलोकन गरिनेछ ।

११. करदाताको कर लगतलाई व्यवस्थित, पारदर्शी र प्रभावकारी रुपमा उपयोग गर्न करदातालाई कर सम्बन्धी सूचना प्रवाह गर्न डिजिटल कर प्रणाली लागु गरिनेछ ।

**सामाजिक विकास**

**११. शिक्षा**

१. आवश्यकता र वास्तविक जीवनसँग जोड्ने र काम सिकाउने जीवनपयोगी सीपमा आधारित शैक्षिक पाठयक्रमको विकास गरी एक विद्यालयबाट नमुनाको रुपमा शुरुआत गर्ने र क्रमशः सबै विद्यालयमा सो अनुसारको पठनपाठनको व्यवस्था मिलाइनेछ ।

२. शिक्षा नियमावली, शिक्षा नीति, बहुभाषा शिक्षा निर्देशिका जस्ता कानूनी तथा नीतिगत व्यवस्था मार्फत शिक्षा क्षेत्रको गुणस्तर नियमन एंव प्रवर्द्धन गरिने छ ।

३. गाउँपालिकाको स्थानीय शिक्षा पाठयक्रम तर्जुमा गरी लागु गरिनेछ । त्यस्तो पाठ्यक्रममा अतिरिक्त क्रियाकलाप र विविध समुदायका जातिय तथा सांस्कृतिक पहिचानहरुको बोध गराउन अवलोकन भ्रमण पद्धतिबाट अभ्यास कक्षा र प्रयोगात्मक शिक्षा दिन जोड दिइनेछ ।

४. विद्यालय बाहिर रहेका र बिच मै विद्यालय छोड्ने बालबालिकाहरुलाई विद्यालय शिक्षा पूरा गर्न प्रोत्साहनका लागि विशेष प्याकेज सञ्चालन गरिनेछ ।

५. विद्यालयहरुको भौतिक पूर्वाधार, स्वास्थ्य तथा सरसफाईको सुविधा र आधारभुत खानेपानी सुविधा विस्तार गर्दै शिक्षकहरुको व्यावसायिक क्षमता विकासको लागि लगानी गरिनेछ ।

६. संस्थागत विद्यालयहरुको विभिन्न सूचकहरुको आधारमा वर्गिकरण गरी बैज्ञानिक ढंगले शुल्क निर्धारण गरी लागु गरिनेछ ।

७. अंग्रेजी माध्यमबाट शिक्षा दिन इच्छुक सामुदायिक विद्यालयहरुलाई पूर्वाधार तथा शिक्षक दरबन्दी लगायतका कार्यमा प्रोत्सहान दिई निजी विद्यालय सरह सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर कायम गरिनेछ ।

८. विषयगत शिक्षकहरुको अभिलेख व्यवस्थापन गरी गाउँपालिकाको शैक्षिक विकासमा उनीहरुको अनुभवलाई उपयोग गरिनेछ ।

९. संस्थागत विद्यालयमा कार्यरत शिक्षकहरुलाई श्रम ऐनले तोके बमोजिम न्यूनतम पारिश्रमिक उपलब्ध गराउने नीति कार्यान्वयन गरिनेछ ।

१०. सामुदायिक विद्यालयहरुमा शिक्षक विद्यार्थी अनुपातमा विषयगत दरबन्दी एंव शिक्षक सरुवालाई व्यवस्थापन गरिनेछ ।

११. उत्कृष्ट शैक्षिक गन्तव्य गाउँपालिका हाम्रो पहिचान भन्ने आदेश लक्ष्य प्राप्तिका लागि सरकारी तथा नीति क्षेत्रका शैक्षिक संस्थाहरुबाट प्रदान गर्ने उच्च शिक्षालाई थप गुणस्तरीय र सर्वसुलभ तुल्याउन त्यस्ता प्राज्ञिक संस्थाहरुसँग सहकार्य र साझेदारी गरिनेछ ।

१२. विद्यालयहरुको भौतिक पूर्वाधार निर्माण गर्दा बालमैत्री तथा आपङ्गतामैत्री संरचना निर्माण गरिनेछ ।

१३. सबै विद्यालयहरुमा पुस्तकालय विज्ञान र कम्प्युटर प्रयोगशाला स्थापनाको नीति लिइनेछ ।

१४. शिक्षक तथा विद्यालय कर्मचारीहरुको पारिश्रमिक मासिक रुपमा सोझै सम्बन्धीत व्यक्तिको खातामा जम्मा हुने प्रणाली लागु गरिनेछ ।

१५. गाउँपालिका क्षेत्र भित्रका गुरुकुल, मदरसा र गुम्बा जस्ता शिक्षालयहरुको स्तर उन्नती गर्दै लगिनेछ ।

१६. शैक्षिक प्रणाली मै रुपान्तरण ल्याउन पाठयक्रम विकास, पठनपाठनको व्यवस्थापन, अतिरिक्त क्रियाकलाप व्यवस्थापन शैक्षिक पात्रो व्यवस्थापन, अद्यावधिक स्रोत व्यवस्थापन, विद्यालय अभिभावक बिचको सञ्चार व्यवस्थापन, अनलाइन शिक्षण तथा सिकाई र दस्तावेजीकरण लगायतका क्षेत्रमा सूचना प्रविधिको प्रभावकारी उपयोग गरी सबै सामुदायिक तथा संस्थागत विद्यालयहरुमा शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS)लागु गर्ने नीति अवलम्बन गरिनेछ ।

## १२. संस्कृति

१. गाउँपालिकालाई खुल्ला बहुसांस्कृतिक संग्रहालयको रुपमा विकास गर्न पूर्वाधार निर्माण गर्दा बहुसाँस्कृतिक पहिचान र मौलिकता झल्किने वास्तुकला, मुर्तिकला, चित्रकला जस्ता (symbol) हरु निर्माण गरिनेछ ।

२. गाउँपालिका भित्र बोलिने विभिन्न जातजातीका मातृ भाषाहरुको संरक्षण गर्दै त्यस्ता भाषाको लिपी तथा व्याकरण लेखीन तथा प्रकाशन गर्ने नीति लिइनेछ ।

३. गाउँपालिका भित्र आयोजना हुने महोत्सवहरुमा विविध जातीय भेषभुषा, कला साहित्य, संगित लगायतको झाँकी सहित प्रदर्शन गर्ने नीति लिइनेछ ।

## १३. युवा तथा खेलकुद

१. खेलकुदको विकास गर्न विभिन्न खेलहरुका लागि खेलकुद मैदान लगायतका खेल पूर्वाधार निर्माण तथा मर्मत सम्भार गरिनेछ ।

२. विषयगत खेल पुरस्कार राशिहरु स्थापना तथा दिगो व्यवस्थापन गर्दै जाने नीति लिइनेछ ।

३. विभिन्न किसिमका दुर्व्यसंनीमा परेका युवाहरुलाई निरोधात्मक, प्रवर्द्धनात्मक र उपचारात्मक कार्यक्रमहरु मार्फत दुर्व्यसन मुक्त गराई समाजमा पुनस्थापनाका प्रबन्ध मिलाइनेछ ।

४. बैदेशिक रोजगारबाट फर्केका युवाहरुले आर्जन गरेको ज्ञान र सीप सदुपयोग गर्दै स्वरोजगार र उद्यमशीलता विकासका लागि गाउँपालिकाको स्थानीय आर्थिक विकास योजना अन्तरगत समावेश भएका नवप्रवर्तनशील, लगायतका प्रोत्साहनमुखी कार्यक्रम सँग आवद्ध गरिनेछ ।

५. युवा उद्यमाशिलता विकासका कार्यक्रमहरु मार्फत युवालाई विदेश हैन विजनेस भन्ने भावना जागृत तुल्याई स्वरोजगार उन्मुख गराइनेछ ।

६. युवा बेरोजगारी न्यूनिकरणका लागि सरकारी, गैरसरकारी, सहकारी तथा नीजि क्षेत्रको समन्वय र सहकार्यमा सीप तथा उद्यमशील क्षमता विकासका कार्यक्रमहरु संचालन गरिनेछ ।

७. एक वडा एक व्यायामशालाको नीति लिई युवाहरुलाई प्रशिक्षणको व्यवस्था मिलाइनेछ ।

८. विपन्न गरिब र सुकुम्बासी परिवारका युवाहरुलाई इलेक्ट्रोनिक्स सामग्री मर्मत, प्लम्बिङ्ग तथा इलेक्ट्रिसियन, व्युटि पार्लर,होटल म्यानेजमेन्ट, व्यावसायिक पशु पालन तथा तरकारी खेती जस्ता तालिमहरु प्रदान गरी गरिबी न्यूनिकरण र जिवीकोपार्जनमा सहजीकरण गरिनेछ ।

९. गाउँपालिकाका गौरवका रुपमा रहेका खेलकुद प्रतियोगिताहरु आयोजना गर्न सहकार्य साझेदारी गरिनेछ ।

## १४. लैङ्गिक समानता र सामाजिक समावेशीकरण

१. लैङ्गिक विभेद अन्त्य गर्दै लैङ्गिक समानता र सामाजिक समावेशिकरण सम्बन्धी नीति तथा कार्यक्रम कार्यान्वयन गरिनेछ ।

२. महिला, बालबालिका, अल्पसंख्यक, भूमिहीन, अति गरिब, आदिबासी जनजाति र सामाजिक बहिष्करणमा परेका वर्गको लागि उत्थानशील कार्यक्रमहरु संचालन गरिनेछ ।

३. ऐतिहासिक कालदेखि दलित समुदायले,जीवन निर्वाहको रुपमा अपनाइ आएका परम्परागत पेशालाई व्यवसायिक उद्यमको रुपमा विकास गर्न पूँजी लगानी सहयोगी गरिनेछ ।

४. विकासका कार्यक्रमहरुमा टोल विकास संस्थाहरुलाई प्रभावकारी रुपमा सहभागी गराइनेछ ।

५. अपाङ्गता पुनस्थापनाको लागि पुनस्थपित गृह स्थापना गरिनेछ ।

६. ज्येष्ठ नागरिक परिचयपत्र वडास्तरबाट नै उपलब्ध गराउने व्यवस्था मिलाइनेछ ।

७. गाउँपालिकालाई सडक मानव मुक्त गाउँपालिका बनाइनेछ ।

८. हिंसा पिडित महिला तथा बालबालिकाको लागि एकद्वार संकट व्यवस्थापन केन्द्र स्थापना गरिनेछ ।

९. हिंसा मुक्त गाउँपालिका हाम्रो पहिचान अभियान संचालन गरी सबै प्रकारका हिंसा विरुद्ध शुन्य सहनशीलता नीति लिइनेछ । पारिवारिक हिंसाद्वारा पिडितको संरक्षणका कार्यक्रम संचालन गरिनेछ ।

१०. गाउँपालिकाको बजेट तथा कार्यक्रममा लैङ्गिक परीक्षण गर्ने व्यवस्था मिलाइनेछ ।

११. महिला उद्यमशीलता विकासका लागि महिलाद्वारा प्रवर्द्धित व्यवसायमा निश्चित प्रतिशत कर छुटको व्यवस्था गरिनेछ ।

१२. गर्भवती महिलाहरुको लागि आमा सुरक्षा कार्यक्रम र नवजात शिशुको लागि पोषण कार्यक्रम संचालन गरिनेछ ।

१३. गाउँपालिका तथा वडास्तरीय बाल क्लब संजाललाई प्रभावकारी रुपमा परिचालन गरिनेछ ।

१४. हरेक वडामा एउटा बाल उद्यान निर्माण अभियान संचालन गरिनेछ ।

१५. बालविकास केन्द्रहरुको भौतिक पूर्वाधार स्तरोन्नति गरिनेछ ।

१६. गाउँपालिकाका बालमैत्री पोषण हुन बाँकी सबै वडाहरुलाई आ.व. २०८३/०८४ भित्र बालमैत्री वडा पोषण गर्ने कार्य सम्पन्न गरिनेछ ।

## १५. स्वास्थ्य

१. नागरिकको पहुँच सुनिश्चित हुने गरी गाउँपालिका भित्र चिकित्सकीय र प्रयोगशाला सेवा तथा अनुसन्धानात्मक कार्यहरु सञ्चालन गर्न अस्पताल, प्राथमिक स्वास्थ्यकेन्द्र, आधारभुत स्वास्थ्य केन्द्र स्थापना तथा स्तरोन्नती गरी रोकथाम, निदान र पुनर्स्थापन सेवालाई सहज र नियमित बनाइनेछ ।

२. नागरिकहरुलाई मृगौला, मुटु उच्च रक्तचाप, मधुमेह जस्ता रोगको निशुल्क जाँच र उपचारको लागि आर्थिक सहयोग गर्ने प्रबन्ध मिलाइने छ ।

३. सामुदायिक विद्यालयहरुमा विधार्थीहरुको नियमित स्वास्थ्य परिक्षण गर्ने व्यवस्था मिलाईनेछ ।

४. बर्थिङ्ग सेन्टर र स्वास्थ्य क्लिनिकहरुको सेवालाई स्तरोन्नति गर्ने क्रममा प्रयोगशाला सहितको सेवा उपलब्ध गराउने कार्यक्रम संचालन गरिनेछ ।

५. नेपाल रेडक्रस सोसाइटीसँग सहकार्य गरी रक्त सञ्चार सेवालाई सहज तुल्याइनेछ ।

६. आर्थिक रुपमा अति विपन्न परिवारका व्यक्तिहरुको स्वास्थ्य जाँच र उपचारका लागि निजहरुलाई अस्पताल ल्याउनलैजान एम्बुलेन्स सेवाको प्रबन्ध गरिनेछ ।

७. अर्गानिक खेतिको विस्तार र तरकारी तथा खाद्यान्नमा विषादीको उचित व्यवस्थापन गर्न विशेष व्यवस्था गरिनेछ ।

८. गाउँपालिकाका क्षेत्र भित्र हुने परम्परागत औषधीजन्य वनस्पतिको संरक्षण, खेति प्रवर्द्धन र प्रशोधणका कार्यहरु संचालन गरिनेछ ।

९. महिला स्वंयसेविकाहरुको दक्षता विकास तालिम उपलब्ध गराई उनीहरुको सेवालाई प्रभावकारी तुल्याइनेछ ।

१०. स्वास्थ्य संस्थाहरुको प्रभावकारी सेवा विस्तारका लागि सार्वजनिक संस्था नीजि क्षेत्र र गैरसरकारी संस्थाहरुसँग सहकार्यको नीतिलाई निरन्तरता दिइनेछ ।

११. स्वास्थ्य क्लिनिकहरुले प्रदान गर्ने आधारभुत सेवाहरुको शुल्कलाई नियमन गरिनेछ ।

१२. सीमान्तकृत, गरीब तथा पछाडी परेका जनसमुदायहरुलाई निःशुल्क स्वास्थ्य बीमा गरिनेछ ।

१३. स्वास्थ्य चौकीहरुमा ल्याव सेवा सञ्चालनका लागि विशेष व्यवस्था गरिनेछ ।

**१६. भौतिक पूर्वाधार विकास(शहरी योजना, वस्ती विकास, आवास तथा पूर्वाधार)**

१. आवधिक योजना, आवास योजना र बस्ती विकास योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

२. पूर्वाधार निर्माणका आयोजनाहरु संचालन गर्दा लागत-लाभ विश्लेषण आधारमा उच्च नतिजा एवं प्रतिफल दिने, समतामुलक विकासको आधारको रुपमा रहने, पिछडिएको र कम विकसित क्षेत्रलाई मुल प्रवाहिकरणमा ल्याउन सहयोग गर्ने आयोजनाहरु पहिचान गरी आयोजना बैंक तयार गरिने छ । सो बैकमा समाविष्ट आयोजनाहरुमा मात्र बजेट विनियोजन गर्ने नीति लिइनेछ ।

३. गाउँपालिकाको भूउपयोग क्षेत्र निर्धारण गरी बस्ती विकास योजना सहित भौतिक विकास गुरुयोजना तयार गरी आवास तथा वस्ति विकास भवन तथा सार्वजनिक निर्माण लगायत पूर्वाधार निर्माण कार्य व्यवस्थित र गुणस्तरीय रुपमा सञ्चालन गरिनेछ ।

४. दिर्घकालीन लगानी मार्ग दर्शनका लागि गाउँपालिका सडक गुरुयोजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।

५. आवासको हकलाई सुनिश्चित गर्न सुरक्षित तथा रोजगारीको समेत व्यवस्था हुन सक्ने स्थानमा जग्गा प्राप्त गरी सहुलियत आवास योजना कार्यान्वयन गरिनेछ । यसका लागि नीजिक्षेत्र संग साझेदारी समेत गर्न सकिनेछ ।

६. एकिकृत शहरी तथा वस्ति विकास योजनाद्धारा निर्दिष्ट गरेका पूर्वाधारहरुको निर्माण कार्यका लागि संघीय सरकार, प्रदेश सरकार र साझेदारीहरुसँग सहकार्यलाई निरन्तरता दिइनेछ ।

७. गाउँपालिकाको विकासमा रुपान्तरणकारी परिवर्तन ल्याउन सक्ने केहि ठुला आयोजनाहरु पहिचान गरी गाउँपालिका गौरब आयोजनाका रुपमा कार्यान्वयन गरिनेछ र त्यस्ता आयोजनामा श्रोतको अभाव हुन दिइनेछ ।

८. विगत देखिका निर्माणाधिन तथा अधुरा योजनाहरुलाई सम्पन्न गर्न क्रमागत रुपमा बजेट विनियोजन गरिनेछ ।

९. नेपाल राष्ट्रिय भवन संहिता, २०६० वस्ती विकास शहरी योजना तथा भवन निर्माण सम्बन्धी मापदण्ड, २०७२ राष्ट्रिय भू उपयोग नीति, भवन तथा योजना मापदण्ड, २०५६ लगायतका राष्ट्रिय प्रादेशिक एवं

स्थानीय भूमि व्यवस्थापन तथा भवन नियमन सम्बन्धी ऐन मापदण्ड तथा निर्देशिकाहरुलाई कडाईका साथ लागु गरी सुरक्षित एवं व्यवस्थित निर्माण गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

१०. गाउँपालिका क्षेत्र भित्र बन्ने संस्थागत सार्वजनिक तथा व्यापारिक भवनहरुमा पार्किङ्ग स्थलको व्यवस्था अनिवार्य गर्नु पर्ने नीति लिइनेछ । आवासीय भवनमा एक घर एक विरुवा नीतिलाई निरन्तरता दिइनेछ ।

११. भवन निर्माण अनुमति प्रकृयालाई प्रविधिमा आधारित तुल्याइ सहजिकरण गरिनेछ ।

१२. गाउँपालिका भित्र भू-उपयोग नीति लागु गर्दै जाने नीति लिइनेछ ।

१३. गाउँपालिका भित्र सडकको मापदण्डलाई आवश्यकताको आधारमा कायम गरी सडक मापदण्डको समस्यलाई समन्वय गरी समाधान गरिनेछ ।

१४. गाउँपालिकाको स्वामित्वमा रहेको भौतिक संरचनाहरुको आवधिक रुपमा मर्मत सम्भार कार्य सम्पन्न गरिनेछ ।

१५. एक वडा-एक पार्क निर्माण नीतिलाई निरन्तरता दिइनेछ ।

१६. गाउँपालिकाको सीमा क्षेत्र यकिन गरि गाउँपालिका सीमानामा कलात्मक तथा गाउँपालिकाको ऐतिहासिक मौलिकता झल्किने गरी स्वागतद्वारहरुको निर्माण गरिनेछ ।

१७. पूर्वाधारका योजनाको निर्माण तथा सञ्चालनमा निजीक्षेत्र संगको साझेदारीका लागि विभिन्न आयोजना तयार गरि कार्यान्वयन गरिनेछ ।

१८. भौतिक पुर्वाधार सम्बन्धी हरेक आयोजनाहरुमा न्युनतम १० प्रतिशत जनसहभागिता सुनिश्चित गर्ने प्रयास गरिनेछ ।

१९. गा.पा.बाट निर्माण, मर्मत सम्भार र स्तरोन्नति हुने सडकको दुवै साईडमा वृक्षारोपण गर्न सम्बन्धीत उपभोक्ता समिति र स्थानीय जनतालाई अभिप्रेरित गरिनेछ ।

२०. चालु आ.व.भित्रै भवन, निर्माण मापदण्ड तयार गरी गाँउपालिका क्षेत्रमा निर्माण हुने भवन सोही मापदण्ड अनुरुप बनाउनु पर्ने व्यवस्था कडाईका साथ लागु गरिनेछ ।

२१. गाँउपालिकाद्वारा निर्माण र स्तरोन्नति हुने सडकहरुलाई कम्तीमा ६ मिटर फराकिलो(चौडाई) बनाउन चालु आ.व.बाटै जनतालाई प्रेरित गर्दै चालु दिनमा यस प्रावधानलाई कडाईका साथ लागु गर्दै लगिनेछ ।

२२. यस गाँउपालिकाबाट संचालन हुने कार्यक्रमहरुमा कार्यक्रमको प्रकृति हेरी पेश्की रकम दिईनेछ । साथै निर्माण कार्यक्रमको हकमा शुन्य पेश्कीको अवधारणा ल्याईनेछ ।

२३. भवन निर्माण संहिता लागु गर्न विशेष पहल र प्रयास गर्दै लगिनेछ ।

२४. गुणस्तरीय निर्माण सुनिश्चित गर्न निर्माण कार्यको गुणस्तर परीक्षणलाई अनिवार्य गर्दै लगिनुका साथै अनुगमन र निरीक्षण कार्यलाई थप प्रभावकारी बनाइने छ ।

२५. अगामी एक वर्ष भित्र गाँउपालिकाको भवन र दुई बर्ष भित्र वडा कार्यालयहरुको भवन निर्माण गरी सेवामा सरल र सहज पहुँच स्थापित गरिनेछ ।

२६. आर्थिक वर्षको अन्त्यमा आएर आयोजना स्वीकृती गरी कार्यान्वयन गर्ने प्रथाको अन्त्य गरिनेछ ।

## १७. संस्थागत विकास, सेवा प्रवाह र सुशासन

१. स्थानीय सरकार जनताको घरदैलोमा सरकार भएको निर्वाचित जनप्रतिनिधिले पदभार ग्रहण गरी सवै वडामा वडा कार्यालय स्थापना गर्ने प्रतिवद्धता अनुसार गाँउपालिकाको हाल रहेका ३ वडा वडा कार्यालय भवनहरु जिर्ण अवस्थामा रहेका वाँकी वडा कार्यालय भवन नरहेकोले क्रमश: वडा कार्यालय भवनहरु निर्माण गर्ने कार्यलाई आगाडी बढाईनेछ ।

२. गाँउपालिकाअन्तर्गतका वडा कार्यालयहरु र वडा सचिवहरुलाई प्रचलित ऐन, कानुन बमोजिमको परिधी भित्र रही बढी भन्दा बढी अधिकार सम्पन्न बनाउँदै जनतालाई अझ बढी सरल र सहज तरिकाबाट निकटतम बिन्दुबाट बढी भन्दा बढी सेवा सुविधा उपलब्ध गराउने प्रयास गरिनेछ ।

३. जनप्रतिनिधिहरुको क्षमता विकास र अनुभव प्रदानको लागि अन्तर गाँउपालिकाभ्रमण गरी शहरी सुशासन तथा विकासका लागि आवश्यक ज्ञान र सीपको विकास गरिनेछ ।

४. गाउँपालिकामा रहेका कर्मचारीहरुलाई आवश्यक तालिम प्रशिक्षणको माध्यमबाट मानव संशाधन विकास एंव क्षमता अभिवृद्धि गरी नागरिक प्रति सेवामुखी एंव जवाफदेही बनाउदै लगिनेछ ।

५. स्थानीय तहलाई प्राप्त न्यायिक अधिकारलाई संस्थागत गर्न आवश्यक विज्ञ सेवाको लागि सम्बद्ध पक्षहरुसँग समन्वय गरिनेछ ।

६. शहरी सुशासनको लागि नागरिक अनुशासन भन्ने मुल मर्मलाई आत्मसात गर्दै सुरक्षा निकाय गाँउ प्रहरी, टोल/वस्ती संगठनहरु स्थानीय सरोकारवालालाई संघ/संस्थावाट समन्वय र सहकार्य गरी सडक क्षेत्रमा राखिने निर्माण सामाग्री तथा पसल व्यवसाय लगायतका कार्यहरुलाई नियमित रुपमा सञ्चालन गरिनेछ ।

७. गाँउपालिकाको संस्थागत क्षमता अभिवृद्धि गरी गाँउपालिकाबाट ठेक्का पट्टाको माध्यमबाट हुने कार्यहरुमा क्रमश विद्युतीय प्रणाली लागु गर्दै लगिनेछ ।

८. रु ५,००,०००। (पाँच लाख) वा सो भन्दा बढीका योजना तथा कार्यक्रमहरुमा सो योजना, कार्यक्रम संचालन हुने स्थानमा योजना सम्बन्धि जानकारी दिने होर्डिङ्ग बोर्ड राख्नु पर्ने प्रावधानलाई कडाईका साथ लागू गरिनेछ । साथै होर्डिङ्ग बोडको फोटो भुक्तानीको फाईलमा अनिवार्य समावेश गरिनेछ ।

९. सामाजिक विकासलाई मध्यनजर गर्दै कुनै पनि शिक्षण संस्था र स्वास्थय संस्थाको १०० मिटरको छेउछाउसम्म चुरोट, सुर्ती र मदिराजन्य सामाग्री विक्री वितरण गर्न पाइनेछैन । यी यस्ता सामाग्रीहरुको विक्री वितरणको लागि निश्चित तोकिएको स्थानमा मात्र गर्न पाईने व्यवस्था मिलाईनेछ ।

१०. यस गाँउपालिकाभित्र पर्ने सम्पुर्ण संघ/संस्था, स्वास्थ्य चौकी र वडा कार्यालयको काम कारवाहीलाई चुस्त दुरुस्त र प्रभावकारी वनाउनका लागि विद्युतीय हाजिरीका साथै सि.सि. टिभी क्यामेरा जडान गरिनेछ ।

११. सबै वडा कार्यालयमा नागरिक वडापत्र राखी नागरीक वडा पत्रमा उल्लेख भए बमोजिम दैनिक काम काज संचालन गरीनेछ ।

१२. विभिन्न जनआन्दोलन तथा मधेश आन्दोलनमा सहादत्त, अंगभंग तथा घाईते भएका व्यक्ति/परिवारलाई उचित राहतको व्यवस्था मिलाईनेछ ।

## १८. वितीय व्यवस्थापन

१. राजस्व असुली कार्यलाई पारदर्शी सरल र सूचनामैत्री बनाउन गाँउपालिकाका ५वटै वडामा कम्प्यूटर सफटवेयर जडान गरिनेछ । जसबाट जुनसूकै समयमा राजश्वको अवस्था बारे सूचना प्राप्त गर्न सकिन्छ ।

२. यस गाँउपालिकामा दर्ता नभएका तर घरेलु, आन्तरिक कार्यालय, वाणिज्य कार्यालयमा दर्ता भई व्यवसाय संचालन गरी आएका व्यवसायीहरुलाई दुई वर्षको कर लिई दर्ता प्रक्रियामा आउन महिनामा ९० दिनको सूचना जारी गरी कार्यान्वय गरिनेछ ।

३. सम्पति कर पेशा व्यवसाय कर, वहाल कर, मनोरञ्जन करलाई पारदर्शी र प्रभावकारी वनाउन आवश्यकता अनुसार कार्यविधी वनाई व्यवस्थित गरिनेछ ।

४. एकीकृत सम्पति कर कार्यान्वयनमा ल्याउन आवश्यक प्रवन्ध मिलाईनेछ ।

५. स्थानीय सरकारको मेरुदण्ड भनेकै गाउँपालिकाको आन्तरिक आय भएकोले संवैधानिक रुपमा प्राप्त भएको राजस्व परिचालनको अधिकारलाई आत्मसात गर्दै आन्तरिक आयमा सुधार ल्याउन बहालकर, विटौरी करलाई संस्थागत गर्ने तथ्यांक संकलन सहितको विस्तृत अध्ययन गरिनेछ ।

६. व्यवसाय कर स्थलगत रुपमा संकलन गरी बक्यौता असुली प्रक्रियालाई जोड दिईनेछ । राजस्व परिचालन क्षेत्रमा कार्यरत कर्मचारीहरुलाई विशेष प्रोत्साहन कार्यक्रम ल्याउनेछ ।

७. सेवाग्राहीलाई सेवा प्रवाह गर्नु अघि गाँउपालिकाको आर्थिक ऐन २०८० मा तोकिएका कर, दस्तुर र सेवाशुल्क लिएर मात्र सेवा प्रवाह गरिनेछ । सेवा प्रवाह क्षेत्र सँग सम्बद्ध रकम नबुझाई सेवा दिएमा वा शुल्क दस्तुर छुट दिएमा मात्र सेवा प्रवाह गर्ने व्यक्तिबाट सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

८. प्रचलित ऐन, कानुनको परिधी भित्र रही यस गा.पा.मा रहेको राजश्व संकलनको सम्भावनाको वस्तुनिष्ठ आँकलनका लागि चालु आ.व. भित्रै यस गा.पा.को राजश्व सम्भाव्यता अध्ययन गरी वा गराई सोही आधारमा चालु आ.व. बाट राजश्व संकलनका लागि पहल एवं प्रयास गर्दै गा.पा.को आन्तरिक आयलाई वस्तुपरक बनाउँदै लगिनेछ ।

९. सार्वजनिक निजी साझेदारी अवधारणालाई गा.पा.को कर संकलन र आय अभिबृद्धिको लागि प्रयोगमा ल्याउन विशेष पहल गरिनेछ ।

१०. प्रचलित ऐन, कानुन बमोजिम गा.पा.मा दर्ता भई संचालन हुनु पर्ने सबै प्रकारका व्यवसायलाई गा.पा.मा अनिवार्य रुपमा दर्ता गर्न र गराउन लगाई सो को अभिलेख व्यवस्थित बनाउँदै लगिनेछ ।

११. प्रचलित ऐन, कानुन बमोजिम गा.पा.लाई कर तिर्नु भएतापनि करको दायरामा हाल सम्म नआएका वा आउन नसकेका आयश्रोतहरुको पहिचान गरी करको दायरामा ल्याइनेछ ।

१२. गा.पा.को स्वामित्वमा रहेका तालतलैया र पोखरी तथा हाट बजारहरुको उपयुक्त व्यवस्थापन र विकास गरी आन्तरिक आम्दानीको एक प्रमुख श्रोतको रुपमा विकसित गर्दै लगिनेछ ।

१३. गा.पा. कार्यालयमा लिइने विभिन्न प्रकारका सेवा शुल्क, कर, दस्तुर, आदिको लागि कम्प्यूटर विलिंग प्रणाली गर्न आवश्यक software जडान लगायतका विविध कार्यहरु गरी आन्तरिक आयको चुहावटलाई न्यूनीकरण गर्दै लगिनेछ ।

१४. विगतका वर्षहरुको बेरुजु, पेश्कीहरुको एकीकृत लगत खडा गरी त्यसको असुल उपर गर्दै पछ्यौंट गर्ने, गराउने तर्फ आवश्यक प्रयास गरिनेछ ।

## १९. विविधः

१. राज्यको तर्फबाट उपलब्ध हुने सेवा सुविधा सम्मको पहुँचबाट बञ्चित आदिवासी, जनजाती, दलित, मधेशी मुश्लिम, पिछडा वर्ग, यौनिक र सीमान्तकृत, अल्पसंख्यक समुदाय लगायतलाई समाजिक समावेशीकरणको अवधारणा अनुसार सचेतीकरण तथा क्षमता विकासको अवसर प्रदान गरी विकासको मुल प्रवाहमा ल्याउने कार्यक्रमहरु संचालन गरिनेछ ।

२. महिलाहरुको लागि विभिन्न प्रकारका आयमूलक, सीपमूलक तालिम संचालन गरी तिनीहरुको आर्थिक स्तरका साथै दक्षता अभिबृद्धि गर्ने तर्फ विशेष ध्यान दिइनेछ ।

३. लिंगको आधारमा हुने कुनै पनि प्रकारको हिंसा र विभेद अन्त्य गर्दै सबै क्षेत्रको विकासमा महिलाहरुको समान सहभागिता गराई अन्य निकायहरु सँगको समन्वयमा महिला सशक्तीकरणका लागि अधिकतम प्रयास गरिनेछ ।

४. चालु आ.व.बाट गाँउपालिकाक्षेत्र भित्र सार्वजनिक, ऐलानी जग्गाहरुको लागत संकलन गरी संरक्षण सम्वर्द्धनका लागि पहल गरिनेछ ।

५. साहित्य, भाषा, कला, संस्कृति संरक्षण एवं प्रबर्द्धन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

६. स्वरोजगार र आय आर्जनको अवसर सिर्जना गर्न स्थानीय श्रोत साधनमा आधारित घरेलु तथा साना उद्योग प्रवर्द्धन गर्ने सम्बन्धीत निकाय संघ/संस्थासंग समन्वय गरी कार्यक्रम संचालन गरिनेछ ।

७. सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको विवरण शुद्धिकरण गर्न अन्य निकायहरुसँगको सहकार्यमा उपयुक्त स्वरुपको अभियान चलाइनेछ ।

८. चालु आ.व. २०८३/०८४ लाई गाँउपालिका स्तरमा जन्म दर्ता अभियान वर्षको रुपमा विभिन्न कार्यक्रमहरु संचालन गरी मनाइनेछ । यस अभियानलाई सफल तुल्याउन यस गा.पा.मा बालबालिका क्षेत्रमा कार्य गर्ने सरकारी तथा गैर सरकारी निकायहरुसंग प्रभावकारी समन्वय गरिनेछ ।

९. स्थानीय स्तरबाट समावेशी तथा समन्यायिक विकासलाई टेवा पुऱ्याउँदै समतामुलक सामाजिक तथा आर्थिक विकास गरी दिगो शान्ति हासिल गर्ने तर्फ जोड दिईनेछ ।

१०. विकास योजना तर्जुमा, कार्यान्वयन एवं मूल्याङकनमा समन्वय र सहयोगका लागि कार्यतालिका (Work Schedule) बनाई कार्यक्रम संचालनमा अझ प्रभावकारिता ल्याईनेछ ।

११. आधारभुत तथा प्राथमिक स्वास्थ्य सेवामा आम जनताको पहुच अभिबृद्धि गरि गुणस्तरीय स्वास्थ्य सेवालाई विस्तार गर्ने नीति लिईने छ ।

१२. आवागमनलाई सहजता प्रदान गर्न बाटोको आसपास बाटो अवरोध नहुने गरि २४ घण्टा भन्दा बढी कुनै पनि निर्माण सामाग्रीहरु राख्न नदिने र सो बाट उत्पादन भएको फोहर सम्वन्धित व्यक्तिलाई नै हटाउन

लगाउने । अटेर गरि नहटाउनेलाई फोहरमैला व्यवस्थापन ऐन तथा अन्य प्रचलित कानुन वमोजिम कडाईका साथ दण्ड जरिवना गर्ने नीति लिईनेछ ।

**आदरणीय उपस्थित सम्पुर्ण महानुभावहरु :**

अब म चालु आ.व.२०८२/०८३ को प्रस्तावित यथार्थ आय/व्यय एवं अगामी आ.व.२०८३/०८४ का लागी प्रस्तावित अनुमानित रकमको बारेमा जानकारी गराउन चाहन्छु ।

१. चालु आ.व.२०८२/०८३ मा आय तर्फ रकम रु./- ४१५४०२७१६।५६ प्रस्ताव गरिएकोमा सो मध्ये रकम रु. ३०२४६२९२९।/- बजेट प्राप्त हुन आएकोमा २०८३ साल हाल सम्ममा रकम रु. २०९९२१०१७/- खर्च भएको छ ।

२. अगामी आ.व. २०८३/०८४ का लागी यस गाउँपालिकाको बार्षिक वजेट रकम रु. ३२२९४९०००/- (बतिस करोड उन्तिस लाख उन्पचास हजार मात्र) प्रस्तावित गरिएको छ ।

| सि.नं. | आय शिर्षक | आय अनुमान | कैफियत |
|---|---|---|---|
| १ | आन्तरिक राजश्व | २५,००,०००।०० | |
| २ | गत आ.व. मौज्दात | १,००,००,०००।०० | |
| ३ | संघीय सामानिकरण अनुदान | ८,९९,००,०००।०० | |
| ४ | सशर्त चालु अनुदान | ११,९५,००,०००।०० | |
| ५ | सशर्त पूँजीगत अनुदान | २८,००,०००।०० | |
| ६ | संघीय राजश्व बाँडफाँड | ८,०७,४९,०००।०० | |
| ७ | प्रदेश सामानिकरण अनुदान | ६०,००,०००।०० | |
| ८ | प्रदेश सशर्त अनुदान | ५०,००,०००।०० | |
| ९ | प्रदेश राजश्व बाँडफाँड | ४०००,०००।०० | |
| १० | स्थानीय राजश्व बाँडफाँड | २५,००,०००।०० | |
| | | | |
| | जम्मा रकम रु. | ३२२९४९०००।०० | |

अक्षरेपीः तेतिस करोड अठहत्तर लाख चौवालिस हजार मात्र ।

अन्त्यमा यस गाँउपालिकाको १२औं गाँउसभामा अह्रोरात्र खटिएका सम्पूर्ण गाउँ सभा सदस्य, प्रमुख प्रशासकीय अधिकृत ज्यू, सम्पूर्ण कर्मचारीहरु लगायत सम्पूर्ण महानुभावहरुमा हार्दिक आभार प्रकट गर्न चाहन्छु ।

धन्यवाद ।